जानकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दुर्गौली,कैलाली
सुदुरपश्चिम प्रदेश,नेपाल ।

visit nepal 2020 Lifetime Experiences

मिति: २०७६।१२।१५

# विज्ञप्ति

वर्तमान समयममा विश्वभर फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणलाइ नियन्त्रण तथा रोकथाम गर्नका लागि जानकी गाउँपालिकाको कार्यालयले प्रारम्भिक अवस्थादेखि नै विभिन्न कार्यहरु सन्चालन गर्दै आइरहेको सर्वविधितै छ । कोरोना भाईरस (COVID-19) को संक्रमणबाट बच्नका लागि नेपाल सरकारले मिति २०७६।१२।११ गते देखि चैत्र २५ गते सम्म देशलाइ लकडाउन गर्ने निर्णयलाई सिंगो गाउँपालिका बासीहरुको तर्फबाट सहयोग भई लकडाउनको प्रभावकारीता देखिएकोले कोरोना भाईरस (COVID-19) को संक्रमणलाई नियन्त्रण तथा रोकथाम कार्यमा अहोरात्र खटी सहयोग गर्नुहुने गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधि,कर्मचारी,स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मि,सुरक्षाकर्मि,राजनितिक दलका प्रतिनिधि,संचारकर्मि,व्यापारी,संमाजसेवी,बुद्धिजीवि लगायत सम्पुर्ण गाउँपालिका बासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु । जानकी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७६ साल चैत्र १९ गते बसेको गाउँ कार्यपालिकको बैठकबाट कोरोना भाईरस (COVID-19)को संक्रमणलाई नियन्त्रण तथा रोकथाम गर्नका लागी जानकी गाउँपालिका बाट हालसम्म भए गरेका कार्यहरु र आगामी दिनहरुमा गर्नुपर्ने कार्यहरुका सन्दर्भमा निम्न बमोजिमका महत्वपूर्ण निर्णयहरु गरिएको व्यहोरा यस पत्रकार सम्मेलन मार्फत जानकारी गराउन चाहन्छु ।

१. कोरोना भाईरस (COVID-19) न्युनिकरण तथा रोकथामका लागि प्रारम्भिक चरण देखि हालसम्म गाउँपालिकाका सम्पुर्ण वडाहरुमा माईकिङ, स्थानिय एफएम रेडीयो बाट सचेतना मुलक जिङ्गल प्रसारण तथा प्रर्चा पम्पलेट वितरण जस्ता कार्यहरु प्रभावकारी रुपमा निरन्तर जारी रहेको छ ।

२. वैदेशिक रोजगारबाट आएका व्यत्तिहरुरलाई कोरोना भाईरसको रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाले क्वारेन्टाइन स्थल स्थापना गरिएको ।

३. गाउँपालिका क्षेत्रभित्रका भल्मन्सा बड्घर महिला स्वास्थ्य स्वयम सेविकाहरु मार्फत सुचना प्रभाव गरी जनचेतना जगाउने र बैदेशिक रोजगारबाट आएका व्यत्तिहरुको तथ्याक संकलन गर्ने कार्य प्रभावकारीरुपमा सन्चालन भईरहेको छ ।

४. कोरोना भाईरस (COVID-19) न्युनिकरण तथा रोकथामका लागि हालसम्म अहोरात्र खटि सहयोग गर्नुहुने गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधि,कर्मचारी, स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मि,सुरक्षाकर्मि,राजनितिक दलका प्रतिनिधि,संचारकर्मि,व्यापारी,समाजसेवी,बुद्धिजीवि लगायत सम्पुर्ण गाउँपालिका बासीहरुलाई गाउँपालिकाको अपिललाई सहजताका साथ शिरोधार्य गरी लकडाउन सफल बनाउन सहयोग गर्नु हुने सिंगो गाउँबासीलाई हार्दिक धन्यवाद ज्ञापन गरिन्छ ।

कोरोना भाईरस (COVID-19) संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सहयोगार्थ सिभिल बैंक जानकी शाखा दुर्गौलीमा खाता सन्चालन गरी कोरोना भाईरस (COVID-19) रोकथाम,नियन्त्रण तथा राहत उद्धार कोषमा देहाय बमोजिकको रकम सहायता कोषमा जम्मा गर्ने र सो को कार्यान्वियनका लागि समेत तपसिल अनुसारको मापदण्ड बनाई लागु गर्ने निर्णय समेत गरिएको छ ।

१. गाउँपालिकाका कार्यालयमा कार्यरत छैठो तह र सो भन्दा माथिका कर्मचारी (स्वास्थ्यकर्मि,कुचिकार कर्मचारी बहेकका) लागि शुरु तलब बराबरको रकम र सहायक स्तर तथा श्रेणी बिहिन कर्मचारीहरुका लागि शुरु तलब स्केलको ३ दिनको तलब बराबरको रकम ।

२. गाउँपालिका कोषबाट रु.२५,०००००।- (अक्षेरुपी पच्चिस लाख) रकम

३. विश्वभर फैलिइरहेको कोरोना भाईरस (COVID-19) को संक्रमणलाई नियन्त्रण गर्नका लागि नेपाल सरकारले मिति २०७६।१२।११ गते देखि देशलाई लकडाउन गरेको अवस्थामा जानकी गाउँपालिका क्षेत्रभित्र रहेका अति विपन्न नागरिकहरुलाई राहत उपलब्ध गराउनका लागि तपसिल बमोजिमको मापदण्ड बनाई राहत कोष स्थापना गरि राहत वितरण गर्ने निर्णय गरियो ।

- राहत पाउने व्यक्ति दैनिक ज्याला मजदुरी गरि जिवन निर्वाह गर्ने विपन्न परिवार भएको हुनुपर्ने ।
- परिवारका कुनै सदस्य सरकारी रोजगार नभएको अथवा सेवा निवृत कर्मचारी नभएको ।
- जानकी गाउँपालिका क्षेत्रभित्र जुनसुकै संघ संस्थाहरुले पनि राहत वितरण गर्दा एकद्धार प्रणालीबाट गर्नु पर्नेछ ।

२०७६।१२।१३

प्रदिप कुमार चौधरी
अध्यक्ष